दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १५२ | बुटवल | २०८३ जेठ १९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday Jun 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## प्रधानमन्त्रीले अभिव्यक्ति फिर्ता लिनुपर्छ : विपक्षी दल

बुटवल। विपक्षी दल नेपाल-भारत सीमाका विषयमा प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले आफ्नो अभिव्यक्ति फिर्ता लिनुपर्नेमा एकमत भएका छन् । सोमबार (जेठ १८) सिंहदरबारस्थित नेपाली कांग्रेस संसदीय दलको कार्यालयमा बसेको विपक्षी पाँच दलको बैठकबाट प्रधानमन्त्रीको उक्त भनाइप्रति आपत्ति जनाइएको हो ।

संसद् बैठकमा यो विषय उठाउने उनीहरूको तयारी छ। "राष्ट्रघाती अभिव्यक्ति दिनुभयो, सिंगो राष्ट्रकको शिर झुकेको छ। प्रधानमन्त्रीले त्रुटिपूर्ण अभिव्यक्ति क्षमायाचनासहित फिर्ता लिनुपर्छ ।"- एमाले संसदीय दलका उपनेता पद्मा अर्यालले भनिन् ।

बैठकमा कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद सहभागी थिए ।

आइतबार (जेठ १७) प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री बालेनले श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सोधेको सीमा विवाद बारेको प्रश्नमा 'नेपालले पनि भारतको जग्गा मिचेको रहेछ' भन्ने जवाफ दिएका थिए ।

"तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ । भारतले नेपालको जग्गा मात्रै होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ, यो कुरा अस्ति मात्रै थाहा पाइयो," प्रधानमन्त्रीले भनेका थिए-"दुईवटै देशले अध्ययन गरेर हामीले मिचेका छौँ, उहाँहरूले पनि मिच्नुभएको छ के छ, त्यसलाई बसेर एउटा साथीको रूपमा समाधान गर्ने सोच राखेका छौँ ।"

## भाजपाको निम्तोमा दिल्ली पुगे रवि



बुटवल। सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारतको दिल्ली पुगेका छन् । भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा पाँचदिने भ्रमणमा उनी दिल्ली पुगेका हुन् ।

लामिछानेलाई दिल्ली विमानस्थलमा भाजपाका महासचिव अरुण सिंह र विदेश विभाग प्रमुख विजय चौथाइवालेले स्वागत गरे ।

लामिछानेको भ्रमण टोलीमा पत्नी निकिता पौडेल, रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपिनकुमार आचार्य, सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहोरा र स्वकीय सचिव अविनाश आचार्य (प्रदीप) छन् ।

आज बिहान ११ बजे लामिछानेले भाजपाको मुख्यालयमा भाजपाका अध्यक्ष नितिन नविनसँग भेटघाट गर्ने कार्यक्रम तय भएको छ ।

त्यस्तै, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग जेठ २० गते भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ ।

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, भारतीय विदेशमन्त्री एस. जयशंकर र सभापति लामिछानेबिच पनि भेटवार्ता हुने बताइएको छ ।लामिछाने भारत भ्रमण पूरा गरी जेठ २२ गते स्वदेश फर्कनेछन् ।

पर्यटन व्यवसाय अस्तित्व रक्षाको अवस्थामा :

# एकीकृत प्याकेजले रूपन्देही बन्न सक्छ बहुआयामिक गन्तव्य

**टिआर शर्मा**
*बुटवल*

बुद्धजन्मस्थल लुम्बिनीमा हरेक वर्ष लाखौं पर्यटक आउँछन् । तर तीमध्ये धेरैले रुपन्देहीको अर्को ऐतिहासिक सम्पदा जितगढी किल्ला देख्दैनन्, बुद्धको मावली देवदह पुग्दैनन्, मणिमुकुन्द उद्यानको इतिहास सुन्दैनन् र बसन्तपुर तथा नुवाकोट हिल स्टेशनमा पुग्ने लुम्बिनी र सिद्धार्थ केबलकारबारे पनि थाहा पाउँदैनन् । परिणामतः लुम्बिनीमा पर्यटकको भीड आउँछ, तर त्यसको आर्थिक लाभ बुटवल र देवदहसम्म पुग्न सक्दैन ।

यस्तो अवस्थालाई बदल्ने उद्देश्यसहित रुपन्देही उद्योग संघले आयोजना गरेको 'रुपन्देहीमा पर्यटन उद्योगका सम्भावना र चुनौती' विषयक गोष्ठीमा अब लुम्बिनी, देवदह, जितगढी किल्ला, मणिमुकुन्द उद्यान, दुई केबलकार र तिनाउ करिडोरलाई एउटै पर्यटन सञ्जालमा जोड्ने अवधारणा अघि सारिएको छ ।

नेपाल पर्यटन बोर्डका वरिष्ठ व्यवस्थापक सुमन घिमिरेले लुम्बिनीलाई आधार बनाएर बुटवल, तिलोत्तमा र देवदहसम्म पर्यटक विस्तार गर्न सकिए पर्यटन उद्योगले नयाँ उचाइ प्राप्त गर्ने बताए । उनका अनुसार पर्यटक संख्या बढाउनु मात्र होइन, उनीहरूलाई बढी समय बस्ने वातावरण तयार गर्नु अहिलेको मुख्य चुनौती हो ।

हाल नेपालमा विदेशबाट आउने पर्यटकको बसाई औसत १६ दिनभन्दा बढी रहेको तर लुम्बिनी आउने पर्यटकको बसाई अवधि केवल डेढ दिनमात्र रहेको भन्दै यसलाई लम्ब्याउने गरि योजना ल्याउनुपर्ने उनीहरुको सुझाव छ ।

रुपन्देहीको विशेषता भनेकै एउटै जिल्लामा विविध पर्यटन सम्पदा हुनु हो । विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी धार्मिक पर्यटनको केन्द्र हो भने देवदह बुद्धको मातृपक्षसँग जोडिएको ऐतिहासिक स्थल हो । जितगढी किल्ला नेपाली वीरताको प्रतीक बनेको छ भने मणिमुकुन्द उद्यानले सांस्कृतिक र ऐतिहासिक विरासत बोकेको छ। बुटवलको गोलपार्कबाट पाल्पाको बसन्तपुरसम्म हिल स्टेशनमा १२ मिनेटमै पुगिने लुम्बिनी केबलकार र पारी बुटवलमाथि नुवाकोटसम्म पुग्ने सिद्धार्थ केवलकार बुटवलको पर्यटनका लागि नयाँ र आकर्षक गन्तव्य हुन् ।

यी सम्पदालाई छुट्टाछुट्टै होइन, एउटै प्याकेजमा समेटेर प्रस्तुत गर्न सके पर्यटकले एकै यात्रामा धर्म, इतिहास, संस्कृति र प्रकृतिको स्वाद लिन सक्नेछन् । बुटवल उप-महानगरपालिकाले आफूलाई पर्यटनको प्रवेशद्वार शहरका रूपमा विकास गर्ने रणनीति अघि सारेको छ ।

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बुटवललाई प्रदेशकै प्रमुख प्रवेशद्वार शहरका रूपमा विकास गर्ने रणनीतिअन्तर्गत पर्यटन पूर्वाधार विस्तारलाई प्राथमिकता दिइएको जानकारी दिए । उनले जितगढी किल्ला, मणिमुकुन्द उद्यान, सिद्धबाबा क्षेत्र र तिनाउ करिडोरलाई व्यवस्थित गर्दै पर्यटनसँग जोड्ने योजनाहरू अघि बढाइएको बताए ।

उप-प्रमुख सावित्रादेवी अर्यालले पर्यटन विकासमा स्थानीय समुदायको भूमिका निर्णायक हुने बताइन् । पर्यटनले स्थानीय जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्नुपर्ने उल्लेख गर्दै उनले




महिला उद्यमशीलता, स्थानीय संस्कृति, कला र परम्परागत परिकारलाई पर्यटनसँग जोड्नुपर्ने धारणा राखिन् ।

देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले बुद्धको मातृपक्षसँग सम्बन्धित देवदहको ऐतिहासिक महत्व अन्तर्राष्ट्रिय रूपमा अझै पर्याप्त प्रचार हुन नसकेको बताए। बुद्धकालीन सभ्यता र इतिहाससँग जोडिएका सम्पदाको संरक्षण तथा विश्वस्तरमा प्रचारका लागि विशेष कार्यक्रम आवश्यक रहेको उनले उल्लेख गरे ।

लुम्बिनी विश्वविद्यालयका उप-प्राध्यापक डा. श्रीप्रसाद भट्टराईले अहिले रुपन्देहीको पर्यटनको स्थिति अस्तित्व रक्षाको अवस्थामा रहेको बताए ।

उनले निर्वाहमुखी पर्यटन व्यवसायको मोडेलबाट फड्को मारेर पूर्ण व्यवसायिक बन्नुपर्ने सुझाए ।

सन् २०२४ मा नेपालमा ११ लाख ७० हजार मात्र पर्यटक आएको तथ्यांकले नेपालमा पर्यटन व्यवसाय अस्तित्व रक्षाको अवस्थामा रहेको प्रमाण भएको डा. भट्टराईले स्पष्ट पारे । उनले सने २०३५ सम्मको पर्यटन रणनीतिक योजना बनाउन सरोकारवालालाई सुझाए । रुपन्देहीमा स्पा, मसाज आदि स्वास्थ्यसँग जोडिएको वेलनेस टुरिजमको पनि राम्रो सम्भावना रहेको भन्दै त्यसलाई गुणस्तरीय, व्यवस्थित र मर्यादित बनाउन आग्रह गरे। यसमा काम गर्ने जनशक्तिलाई एकेडेमिक सर्टिफिकेटयुक्त बनाउन उनले सुझाव दिए।

पर्यटनलाई अध्ययन, अनुसन्धान र दक्ष जनशक्ति उत्पादनसँग जोड्नुपर्ने धारणा राखे । पर्यटन उद्योगको दीगो विकासका लागि शैक्षिक संस्थाहरूले अनुसन्धानमा आधारित ज्ञान उत्पादन गर्नुपर्ने उनको भनाइ थियो ।

मणिमुकुन्द उद्यान संरक्षण समितिका अध्यक्ष माधव नेपालले ऐतिहासिक सम्पदाको संरक्षणबिना पर्यटनको दीगो विकास सम्भव नहुने बताए । उनले जितगढी किल्ला र मणिमुकुन्द उद्यान जस्ता सम्पदाको संरक्षणमा राज्यले अझ बढी ध्यान दिनुपर्ने आवश्यकता औँल्याए ।

नेपाल टुर्स एण्ड ट्राभल एजेन्ट्स एसोसिएसन (नाट्टा) लुम्बिनी प्रदेशका पूर्व अध्यक्ष सागर अधिकारीले लुम्बिनीमा पर्यटक आगमन बढ्दो क्रममा रहे पनि बसाइ अवधि र खर्च बढाउन नसकिएको चुनौती रहेको बताए । प्रभावकारी पर्यटन प्याकेज, अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार र गुणस्तरीय सेवाले मात्र यस समस्याको समाधान गर्न सक्ने उनको धारणा थियो। सरकारी नीति र कानून पर्यटन विकासको बाधक भएको गुनासो गर्दै उनले अब मास टुरिजम कि लक्जरियस टुरिजमलाई प्राथमिकता दिने भन्ने छनौट गर्ने बेला आएको बताए।

पर्यटन डिभिजन कार्यालय रुपन्देहीका प्रमुख नेत्रप्रसाद भुसालले लुम्बिनी प्रदेश धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र भएको उल्लेख गरे। तर ती सम्भावनालाई उपलब्धिमा बदल्न संघ, प्रदेश, स्थानीय सरकार र निजी क्षेत्रबीच समन्वय र सहकार्य अपरिहार्य रहेको उनले बताए।

» बाँकी ३ पेजमा

# प्रधानमन्त्रीको अभिव्यक्ति अनैतिक छ, माफी माग्नुपर्छ : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकमार थापाले प्रधानमन्त्री बालेन्द्र साहले संसदमा नेपालले पनि भारतको भूमि मिचेको भनी दिएको अभिव्यक्ति अनैतिक, अराजक र राष्ट्रिय लज्जाको विषय भएको बताएका छन् ।

रुपन्देहीको मणिग्राममा पार्टीले आयोजना गरेको जरा अभियानअन्तर्गतको कार्यक्रममा सभापति थापाले प्रधानमन्त्री साहले संसदको रोष्ट्रममा गएर नेपाली जनतासामू माफी माग्नु सुझाव दिएका छन् ,

'प्रधानमन्त्रीको अभिव्यक्ति अनैतिक, अराजनीतिक,सतही र हल्का मात्र होइन राष्ट्रिय लज्जाको विषय हो, नेपालको सार्वभौम अधिकारमाथि हमला गर्दै सारा नेपालीको शीर निहुराएको छ,' सभापति थापाले भने-'प्रधानमन्त्री संसदमा जानुस्, रोष्ट्रममा उभिनुस् र जनतासँग मैले नजानेर गल्ती गरें भनेर माफी माग्नुस् ।' सभापति थापाले प्रधानमन्त्रीको अभिव्यक्ति देशद्रोही प्रवृत्ति, चिन्ताजनक र खरतरनाक रहेको समेत टिप्पणी गरे । नेपाल र भारतबीचको सीमा विवादमा बेलायतसँग पनि कुरा गर्ने विषय झन् आपत्तिजनक रहेको सभापति थापाले बताए। सभापति थापाले प्रधानमन्त्री साह र सभामुख डीपी अर्यालमा विगतमा केपी ओली र प्रचण्डमा जस्तै संख्याको दम्भ र उन्माद देखिएको टिप्पणी गरे ।

सत्ता पक्षले संसद अवरोधकाबिच संख्याको बलमा पेलेर संसद नियमावली पास गरेकामा आपत्ति जनाएका छन्। 'हेर्दा सामान्य लाग्न सक्छ तर यसभित्र शक्तिको चरम दुरुपयोग गरेर सभामुखलाई विशेषाधिकार दिने र रास्वपाको स्वार्थ अनुकूल संसद चलाउने नियत लुकेको छ,' थापाले भने-'संसदबाट जबरजस्ती पारित गर्दैमा यो विषय टुंगिदैन, हामीले यसलाई नागरिकको घर घरमा पुऱ्याउनुपर्छ ।'

सभापति थापाले सुकुम्वासी र अव्यवस्थित बसोबासीमाथि प्रधानमन्त्री साहले हुकुमी शैलीमा डोजर चलाएर घरबारविहीन बनाएकोमा आपत्ति जनाए। सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या नेपालको ऐतिहासिक र संरचनागत समस्या भएकाले विगतका सरकारले कानुन बनाएर समस्या समाधान गर्ने गरी काम गरेको स्मरण गर्दै संविधान र कानून विपरित घरबारविहीन बनाउन नपाइने बताए। सभापति थापाले स्थानीय तहका जनप्रतिनिधिले यो समस्यामा संविधान र कानून बाहिर गएर निर्णय नगर्न सचेत गराए ।

सोही कार्यक्रममा नेपाली कांग्रेसका उप-सभापति विश्वप्रकाश शर्माले प्रधामन्त्री बालेन शाहले सीमासम्बन्धी दिएको अभिव्यक्ति गम्भीर र आपत्तिजनक भएको बताएका छन् ।

उनले आफ्नै देशको संसद्मा उभिएर मेरो देशले छिमेकीको सीमा मिचिएको छ भन्ने प्रधानमन्त्री बालेन विश्वमै एक्लो भएको पनि टिप्पणी गरेका छन् ।

'प्रधानमन्त्रीको अभिव्यक्ति गम्भीर र आपत्तिजनक छ,' उनले भने-'संसारको एकमात्र प्रधानमन्त्री जो देशको संसद्मा उभिएर भन्दैछ- मेरो देशले छिमेकीको सिमा मिचेको छ । यस्को मतलब के अब हिसाब बराबर हो ?'

» बाँकी ३ पेजमा



# सम्पादकीय

## संसद सत्तापक्षको कि प्रतिपक्षको ?

संसदीय व्यवस्थामा संसदलाई प्रतिपक्षको भनिन्छ । प्रतिपक्षले आवाज उठाएर सरकारको खबरदारी गर्ने भएकाले यो व्यवस्थालाई लोकतान्त्रिक मानिन्छ । सभामुखको रूपमा दमननाथ ढुंगाना र सुवास नेम्बाङले निभाएको भूमिकाकै कारण उनीहरुलाई सम्झने धेरै छन् । उनीहरुप्रति श्रद्धा छ । व्यवहारमा सरल डीपी अर्याल रास्वपाको उपसभापति त्यागेर सभामुख बन्दा साँच्चिकै निष्पक्ष भूमिकामा रहन्छन् भन्ने अपेक्षा अहिले गलत हुन थालेको छ । डीपी अर्याल अहिले सभामुखको रुपमा निभाएको भूमिका रास्वपा नेताकै हैसियतमा हुँदा प्रतिपक्ष आक्रामक हुने अवस्थामा पुग्नु दुर्भाग्य छ ।

आइतबार प्रतिनिधिसभामा देखिएको अस्वाभाविक गतिविधिमा प्रतिपक्ष दलहरु उत्तिकै दोषी छन् । उनीहरु दोषमुक्त पटक्कै छैनन्, तर यो अवस्थाको श्रृजना अर्यालकै भूमिकाले बनाएको हो । तटस्थ भूमिकामा रहनुपर्ने सभामुखको भूमिकामाथि प्रश्न उठेको छ । प्रतिनिधिसभा नियमावली पारित गर्नकै लागि संसदमा त्यस्तो अप्रिय घटना हुने गरी बैठक चलाउने बाध्यता के आइलाग्यो ? अहिले उठेको यो प्रश्न हो । असामान्य स्थिति बन्दा सभामुखले बैठक स्थगित गर्न सक्छन् । सहज भएपछि बैठक अघि बढाउन सक्छन् । सन्तुलन र समन्वय गर्ने सभामुखले हो । तर विपक्षीलाई पेलेरै अघि बढ्ने प्रवृत्तिले सभामुखको भूमिकामाथि प्रश्न उठेको छ । संसदीय लोकतन्त्रमा संसदको एकजना सदस्य उभिएर विरोध गर्दा मात्र पनि बैठकको कामकारबाही चल्न सक्दैन । अहिले सबै विपक्षी दल बेलमा उभिएर नाराबाजी गर्दा पनि सदन चलिरहेको छ, विधेयक पारित भइरहेको छ । संसदको यो क्रियाकलापले संसदीय लोकतन्त्रको खिल्ली उडाइरहेको छ । सभामुखको यो भूमिकाले सदन प्रतिपक्षको होइन्, सदन पनि सत्तापक्षको हो, विपक्षहरुको होइन् भन्ने स्थापित गरिदिएको छ ।

प्रतिनिधिसभा नियमावली आइतबार नै पारित गर्नैपर्ने कुनै बाध्यता थिएन । तर, सभामुखले सत्तालाई रिझाउनका लागि नियमावली हतारमा पारित गरे । नियमावलीका कतिपय प्रावधान संविधानविपरीतको रहेकाले संसदीय समितिमा व्यापक छलफल गरेर पारित गरियोस् भन्ने विपक्षी दलको माग अस्वभाविक होइन् । बेलमा उभिएर नाराबाजी गरेका सांसदका संशोधन प्रस्तावलाई उनले मार्सल लगाएर अस्वीकृत गरिदिए । परम्परा तोड्ने नाममा अहिले भइरहेका गतिविधिले हाम्रो लोकतान्त्रिक प्रणालीमा क्षति गर्ने निश्चित छ । सर्वोच्च अदालतको प्रधानन्यायाधीश सिफारिसदेखि संसदमा प्रधानमन्त्रीले जवाफ नदिनेगरी स्थापित परम्परा तोडेर हामी पुग्न खोजेको कहाँ हो ? गर्न खोजेको के हो ? सत्ता कब्जाको अभ्यास हुँदा विपक्षीको आक्रोशका गतिविधि हुँदा सभामुखले छानबिन समिति बनाएर कारबाहीको तयारी गर्दै छन् । यसले अझै तनाव बढाउने जोखिम बढाएको छ । सत्ता र प्रतिपक्षबिच सन्तुलन मिलाएर अघि बढ्दा संसद लयमा अघि बढ्छ ।

अझैँ सभामुखले समन्वय गर्न सक्छन्, बैठकलाई मर्यादित र व्यवस्थित बनाउने काम सभामुखको हो । विपक्षलाई पेलेर गर्ने हरेक गतिविधिले व्यवस्थामाथि आघात पर्न सक्छ ।

# नेप्से परिसूचक २६ अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार २६ दशमलव ७२ अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २६ दशमलव ७२ अङ्कले ओरालो लागेर दुई हजार ७५५ दशमलव ३७ मा सीमित भएको हो । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ७८ अङ्कले ओरालो लागेर ४७० दशमलव ७२ मा सीमित भएको छ । बजेट सार्वजनिक भएपछि खुलेको बजार चलायमान बन्नुका साथ सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिए पनि नेप्से शून्य दशमलव ९६ प्रतिशतले घटेको हो ।

तीन सय ४९ कम्पनीको एक करोड ३३ लाख ८३ हजार ८१६ कित्ता शेयर रु पाँच अर्ब ६१ करोड ४३ लाख ७४ हजार ९२८ मूल्यमा किनबेच भएको छ । कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । नेपाल पुनरबीमा कम्पनी, हिमालयन रिइन्स्योरेन्स, रिडी पावर कम्पनी र नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा रहेका छन् ।

नेप्सेका अनुसार नेपाल पुनरबीमा कम्पनी, कालिञ्चोक हाइड्रोपावर, सिटिजन बैंकको डिवेञ्चर, सेन्ट्रल फाइनान्स र सिभिल बैंकको डिवेञ्चरका लगानीकर्ताले आज कमाएका छन् । त्यस्तै, बुङ्गल हाइड्रोपावर, क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स, विशाल बजार कम्पनी, एनआइबिएल समृद्धि फण्ड दोस्रो र नेपाल रिपब्लिक मिडियाका लगानीकर्ताले आज सर्वाधिक गुमाएका छन् ।

कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य मात्रै वृद्धि भएको छ भने ११ उपसमूहका घटेका छन् ।

# नेपालले भारतको भूमि मिच्यो भन्छन् !



झपेन्द्र जिसी

> अहिलेसम्म कसैले गरेको थिएन । नेपालले भारतको भूमि मिचेको छ भन्ने सवाल वा अभिव्यक्ति दिने हिम्मत बालेनले संसदमा कसरी गरे ?

यो कुरा भारतले भनेको होइन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भनेको पनि होइन । अहिलेसम्म भारतीय राज्य र सरकारबाट यस्ता अभिव्यक्ति र दाबी प्रत्यक्ष रुपमा सुनिएको छैन । भित्रभित्रै कसौंडीमा खिचडी पाकेको छ भने पनि अरुले जान्ने कुरा भएन ।

नेपालले भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति आफूलाई नेपाली हुँ भनेर नेपाली जनताबाट १८२ सीट संसदमा जिताएर प्रधानमन्त्री पदमा रहेका बालेन्द्र शाह बालेनको हो । २०८३ साल जेष्ठ १७ गते आइतबार नेपालको प्रतिनिधिसभा बैठकमा सांसदहरुले सोधेका प्रश्नको उत्तर दिने क्रममा बालेन्द्र शाहले सगौरवका साथ भने भारतले मात्र होइन नेपालले पनि विभिन्न ठाउँमा भारतीय भूमि मिचेको छ । नेपाली भूमि लिपिम्याधुरा, कालापानी र लिपुलेक । पदमा अर्याललगायत सांसदहरुले भूमि फिर्ता गर्न के पहल र प्रयास भएका छन् भन्ने प्रश्नको उत्तरमा बालेन यस्तो उत्तर दिए !

अहिलेसम्म कसैले गरेको थिएन । नेपालले भारतको भूमि मिचेको छ भन्ने सवाल वा अभिव्यक्ति दिने हिम्मत बालेनले संसदमा कसरी गरे ?

घण्टीमा मतदान गरेका बुझकारी देशभक्त युवाहरु आश्चर्य चकित परेका छन् । यस्तो भनाइ त षड्यन्त्रमूलक, राष्ट्रद्रोही नै देशलाई सिक्किमीकरण गर्ने चालबाजी जस्तो देखियो भन्दैछन् । उनीहरु भन्दैछन्-केही दिन पहिले परराष्ट्रमन्त्री शिशिर खनालको कार्यकक्षमा परराष्ट्र मन्त्रालयमा अन्य विषयमा कुरा गर्न जाँदा मन्त्री शिशिर खनालले नेपालले पनि भारतको सीमा मिचेको भनेका थिए । त्यही कुरा आज प्रधानमन्त्रीले सांसदहरुले सोधनी गर्दा नेपालले पनि भारतको भूमि मिचेको छ ठाडै भन्नुले यो सरकारकै दृष्टिकोण रहेछ भन्ने अहिले छर्लङ्ग भएको छ । यो भनाइ यो लेखकको होइन यो त आफूलाई अब्बल दर्जाकै जेनजी भन्नेहरुकै भनाइ हो ।

प्रिय देशभक्त नेपालीहरु ! हिजो भोट घण्टीमा वा अन्यत्र जहाँ दिएको भए पनि राष्ट्र खतरामा छ, देशको अस्तित्व विश्वमान चित्रमा पुर्खाले लडेर निर्माण र संरक्षण गरेको नेपाल रहने हो कि मेटिने हो भन्ने दुःखद अवस्था सिर्जना भएको छ । यो अवस्था सिर्जना हुनुमा अरुको भनाइ र गराइ होइन, स्वयं प्रधानमन्त्री बालेन्द्र साहको हो ।

संसदीय प्रणालीमा राज्यको कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहीत हुन्छ । नेपालको संविधान २०७२ ले नेपाल राष्ट्र सम्मानित सर्वोच्च पदाधिकारी राष्ट्रपतिलाई मानेको छ । यस्तो भए पनि राज्यको प्रमुख वा अधिकारको कार्यान्वयन गर्ने अधिकार प्रधानमन्त्रीलाई दिएको छ । संसदमा दिइने अभिव्यक्ति संविधान, राष्ट्र, संसद राज्य र देशको अभिव्यक्ति हुने गर्दछ । यस्तो अभिव्यक्ति नेपाली जनताको भावना अनुकूल पनि हुनुपर्दछ । देश भनेको जनता हो र जनता भनेको देश हो । यस्तो भनाइलाई मिठो संगीत स्वर दिएर गायक र गीतकार, संगितकार रामेशको सम्झना भइरहन्छ ।

प्रश्नहरु अहिले अनगिन्ती उठिरहेका छन् । यी बालेन नेपालका प्रधानमन्त्री त हुन्, तर नेपाली हुन् कि होइनन् ? देश भक्तिपूर्ण भावना छ भन्ने आधार भएन । प्रतिपक्ष सांसदले संसद आरम्भ भएको दिनदेखि नै प्रधानमन्त्री संसदमा उपस्थित भएर हाम्रा र जनताका जिज्ञासाको जवाफ दिनु पर्‍यो भनेर माग गरिरहे । तर सत्ता पक्षले प्रतिपक्ष संसदको होहल्ला गरे भन्ने आरोप लगाए । तर सभामुख डोलेन्द्र अर्याल र सत्ता पक्ष सांसदहरुले प्रतिपक्ष सांसदहरुले होहल्ला र वितण्डता मच्चाएर संसदमा अवरोध खडा गर्नु अशोभनीय हुन्छ भनेर जिकिर गरिरहे ।

प्रधानमन्त्री बालेन कस्तो बोल्छन्, आवाज र स्वर कस्तो छ भन्ने जिज्ञासा आम जनतामा थियो । एक्कासी मिलिक्क सांसदमा आएका प्रधानमन्त्रीले त ठाडठाडै भनिदिए-नेपालले पनि भारतको भूमि मिचेको छ । कस्तो गजबको अभिव्यक्ति ! जगतले कतिको पत्यायो होला ! भारतीय शासक गुटलाई त उनको अभिव्यक्तिले अवश्य नै बल पुर्‍यायो ।

अहिले प्रश्नहरु छ्याप्छ्याप्ती जनजनमा उठिरहेको छ- बोलेन भन्ने मान्छे कुन देशका हुन् ? नेपालका प्रधानमन्त्री हुन् कि भारतका ?

अन्त्यमा उनलाई नेपाली भूमि, राष्ट्र, राष्ट्रियता, देश र जनताको कुनै चिन्ता र चासो छैन । त्यसैले देशमुखी होइन विदेशमुखी अभिव्यक्ति आइरहेका छन् । त्यसैले त सुकुम्वासीको घरघरमा डोजर नाचे, बालेन ऱ्याप गाए । त्यसो जेनजी आन्दोलनका नाममा अगुल्ट बोकाएर निहत्था बाबु नानीलाई दौडाए, मराए । यता सञ्चार मिडियाको मुख थुन्नकै लागि अब उप्रान्त सरकारी कार्यालयहरुले विज्ञापन सरकार नियन्त्रित गोरखापत्र, दि राइजिङ नेपाल, नेपाल टेलिभिजनबाट प्रकाशन र प्रसारण गर्ने गरी हुकुम दिए ।

उनी को हुन् ? कस्ता हुन् ? लायक, नालायक छुट्ट्याउने जिम्मा अब नेपाली जनताको हातमा नै छ । बुझे हुन्छ ! धन्यवाद ।

# संसद्को उपेक्षा र कार्यकुशलताको अभाव



श्रीमन नारायण



संसदीय लोकतन्त्रलाई विश्वकै सर्वोत्तम शासन प्रणाली मानिन्छ । संसद् भनेको सत्तालाई वैधानिकता दिने र त्यसलाई राख्ने सार्वभौम जनताका प्रतिनिधिहरुको थलो हो । जनताको मतादेश प्राप्त गरेर संसद गरिमा बढाउने काम हुन्छ । संसद् भनेको मन्दिर हो भन्ने सांसदहरु त्यसका पुजारी हुन् । पुजारीको निष्ठा र व्यवहारले नै मन्दिरको पवित्रतालाई कायम राख्ने गर्दछ ।

नेपालमा साढे दुई महिनाअघि सम्पन्न भएको संसदीय निर्वाचनमा नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति अत्यधिक विश्वास गर्दै दुई तिहाइको जनादेश दिए । अपार बहुमतको समर्थनलाई रास्वपाले पुँजीकृत गर्न सकिरहेको छैन ।

यस पार्टीबाट प्रधानमन्त्री बनेका व्यक्तिमा अहंकार देखिन्छ । यस अहंकारका कारण राष्ट्रपति, प्रतिनिधिसभाका सभामुख र प्रतिनिधिसभाको समेत सम्मान भइरहेको छैन । लोकतन्त्रमा जनादेश चिर स्थायी हुँदैन । फेरि नेपालजस्तो देशमा त सडक प्रदर्शनमार्फत् नै व्यवस्था र सरकार परिवर्तन भएका अनेकौं दृष्टान्तहरु छन् ? यस्तोमा सत्ताधारी रास्वपाको यो अहंकार ठीक होइन ।

चुनावको बेलामा राजनीतिक दलहरु जनतासामु मत माग्न जाँदा चुनावी घोषणापत्र लिएर जान्छन् । विगत केही समयदेखि केही सीमित विषयहरुलाई समेटेर प्रतिबद्धतापत्र मात्रै प्रस्तुत गर्ने काम हुन्छ । चुनावमा सफल भएका राजनीतिक दलहरु आफ्नो प्रतिबद्धतालाई सरकारको नीति-कार्यक्रममा समावेश गरी त्यसलाई मूर्तरुप प्रदान गर्ने गर्दछन् । सरकारको नीति, कार्यक्रमलाई राष्ट्रपतिको सम्बोधनमार्फत् सार्वजनिक गर्ने गरिन्छ । राष्ट्रपतिलाई नेपालको संविधानको संरक्षक र अभिभावक भनिएको छ ।

राष्ट्रको प्रथम नागरिक मानिएका राष्ट्रपतिको गरिमामय पदको सम्मान सबैले गर्नुपर्छ । राष्ट्रपतिले नेपालमा गणतन्त्रको स्थापना र गरिमामा कहिल्यै कमी आउन दिएनन् । यसपटक अस्तित्वमा आएको सरकारको व्यवहार भने फरक देखियो । राष्ट्रपतिलाई आफ्नो नीति तथा कार्यक्रम बाचन गर्न लगाएर सांसदहरु एक-अर्कासँग भलाकुसारी गरिरहेका थिए ।

संसद्को वर्षभरिको सबैभन्दा महत्वपूर्ण क्षणमा राष्ट्रपतिको सम्बोधन चलिरहँदा नै प्रधानमन्त्री बालेन्द्र साह जुरुक्क उठेर हिँडेको भिडियो पूरै देशले हेर्‍यो । प्रधानमन्त्री संसद्बाट हिँडेको आधा घण्टापछिसम्म राष्ट्रपतिले सरकारको नीति, कार्यक्रम बाचन गरेका थिए । राष्ट्रपति कुनै व्यक्तिको आसन होइन, नेपाली जनताको लामो संघर्ष र बलिदानवाट स्थापित संस्था हो ।

नेपालमा गणतन्त्रको स्थापनार्थ हजारौं व्यक्तिले आफ्नो ज्यानको आहुति दिएका छन् । सत्ताधारी रास्वपालाई यसको मूल्य थाहा नहुन पनि सक्छ, तर नेपाली जनतालाई अवश्य पनि छ ।

सत्ताधारी राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु संसद्मा जे-जस्तो व्यवहार गरिरहेका छन्, त्यसले संसदीय लोकतन्त्रको आत्मामाथि प्रहार गरिरहेको छ । राष्ट्रपतिले रास्वपाका सरकारको नीति एवं कार्यक्रमहरुलाई बाचन गरिरहेका थिए । बालेन सरकारले राष्ट्रपतिलाई बाचन गर्न दिएको कागज थियो ।

आफ्नै सरकारको नीति एवं कार्यक्रमप्रति सत्ताधारी दलका सांसदहरुको विश्वास देखिँदैन । राष्ट्रपतिको सम्बोधन चलिरहँदा प्रधानमन्त्रीले संसद्बाट एक्कासि उठेर बाहिरिनु एक किसिमले राष्ट्रपतिको अपमान हो । यस्तो अवस्थामा राष्ट्रपतिले पनि आफ्नो पदबाट राजीनामा गरी नैतिकताको उच्च मापदण्ड स्थापित गर्न सक्थे । नेपालमा मात्रै होइन, विश्वका प्रायः सबैजसो देशहरुमा राष्ट्रपतिको पदको गरिमाको सम्मान हुनुपर्छ ।

बालेन साह प्रधानमन्त्री बनेपछि न त उनले नेपाली जनताका नाममा सम्बोधन गरेका छन्, न त राष्ट्रपतिसँग शिष्टाचार भेट नै गरेका छन् । संसद्मा उभिएर सम्बोधन गरेका छैनन् । सरकारको नीति-कार्यक्रममाथि भएको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिने बखत प्रधानमन्त्री प्रतिनिधिसभाबाट जुरुक्क उठेर निस्किहाले । सत्ताधारी दलका कतिपय समर्थक नेता, कार्यकर्ता र बुद्धिजीवीहरु प्रधानमन्त्रीको बचाउमा यो तर्क अघि राख्छन् कि प्रधानमन्त्रीले नै संसद्मा आएर जबाफ दिनुपर्छ भन्ने कुरा संविधानमा लेखिएको छैन । संविधानमा त धेरै कुरा लेखिएको हुँदैन । खानु, नुहाउनु, नित्यकर्म गर्नु, रोग लागेमा डाक्टरको जानु, लेख्नु र पढ्नु पनि लेखिएको हुँदैन, तर जनता उपरोक्त कार्यहरु गर्छन् । लाग्छ, प्रधानमन्त्रीलाई बहुमतको अहंकार छ । प्रतिनिधिसभामा प्रवेश गर्दा र निस्कँदा पनि शिष्टाचार, सदासयता र सहृदयताको प्रदर्शन उनीबाट भएको हुँदैन । काठमाडौंका मेयर हुनु र देशको प्रधानमन्त्री हुनु फरक-फरक विषय हो । एउटा मेयरको जिम्मेवारी सीमित भूगोलभित्र हुन्छ, तर देशको प्रधानमन्त्री भनेको तीन करोड जनताको चाहना र अपेक्षालाई पूरा गर्नु हो, सम्बोधन गर्नु हो । प्रधानमन्त्रीको इमानदारीमाथि शंका गर्ने ठाउँ छैन, उनको नियत पनि ठिक्कै होला, अन्तरमुखी स्वभावका व्यक्ति एक्लो बस्न मन पराउँछन् अथवा आफ्नो खास-खास सहयोगी साथीहरुमाथि मात्रै विश्वास गर्छन् । तर देशको प्रधानमन्त्री पदमा नियुक्त भइसकेपछि व्यक्तिको निजी चाहना, महत्वाकांक्षा र रोजाइमाथि ब्रेक लाग्छ । सार्वजनिक जीवन बिताउनेले स्थापित मूल्य, मान्यता, परम्परा र संस्कारको पालन गर्नुपर्छ । संसद् तथा राष्ट्रपतिको सम्मान गर्ने सवालमा प्रधानमन्त्री अवश्य पनि चुकेका छन् ।

राष्ट्रपतिको सम्मान हुनुपर्छ । राष्ट्रपतिको सम्मान गर्नुको अर्थ गणतन्त्र र संविधानको सम्मान गर्नु पनि हो । संसद्को सम्मान गर्नुको अर्थ संसदीय व्यवस्थाको सम्मान गर्नु हो । नेपाली मतदाताले रास्वपालाई दिएको दुई तिहाइ बहुमतको जिम्मेवारी सुशासन र पारदर्शिताका लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनका लागि हो । रास्वपाले वर्तमान संविधानमाथि आस्था राखेर नै चुनावमा भाग लिएको थियो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्पको बारेमा नेपाली जनताले सोंचेको छैनन् । तसर्थ राज्यका संस्था, प्रक्रिया र परम्परालाई न्यूनतम मर्यादा दिनु बालेन सरकारको पनि कर्तव्य हो र सरकार पनि यस दिशामा गम्भीर नै रहनेछ ।

वि.सं. २०५२ मा नेकपा एमालेको अल्पमत सरकारमाथि विपक्षी दलहरुले अविश्वासको प्रस्ताव दर्ता गराएका थिए । अविश्वास प्रस्तावमाथि भएको चर्चामा सरकारको पक्ष राख्न तात्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी अस्पतालको सघन उपचारकक्षबाट स्ट्रेचर चढेर प्रतिनिधिसभामा आएका थिए । स्वास्थ्यले अनुमित नदिए पनि पाँच-दश मिनेट जति सम्बोधन गरेर उनी पुनः अस्पताल फर्केका थिए, उनको अनुपस्थितिमा तात्कालीन उपप्रधान, विदेश एवं रक्षामन्त्री माधवकुमार नेपालले प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका थिए । विगत साढे तीन दशकमा प्रतिनिधिसभामा विश्वास नभएका दलहरु नेपालमै छैनन् ।

सत्ताधारी दलका सभापति र प्रधानमन्त्रीबिच समन्वयको अभाव छ । सरकार गठनमा पनि पार्टी सभापतिको कुनै सीप चलेन । अधिकांश मन्त्रीहरु प्रधानमन्त्रीप्रति बफादार छन् । प्रतिनिधिसभामा दुई तिहाइ बहुमत हुँदा पनि प्रधानमन्त्रीले हतारमा अध्यादेश ल्याउने काम गरे । जबकि प्रतिनिधिसभाको बैठक पनि अवश्यम्भावी नै थियो । यता महँगी नियन्त्रण, भ्रष्टाचारीमाथि कारबाही, सहकारी ठगीका दोषीहरुलाई पक्राउ गरी तिनको सम्पत्तिलाई लिलाम गरी राज्यकोषमा जम्मा गर्नुपर्ने हो तर उल्टै सरकारले राज्यकोषबाट नै सहकारी ठगीका पीडितलाई राहत दिने काम गरिरहेको छ ।

जुन उत्साह र विश्वासका साथ रास्वपालाई जनताले मत दिएका थिए, त्यसको अपमान भइरहेको छ । अर्कोतिर डिजेलको मूल्यमा वृद्धि भएपछि किसानहरुमाथि समस्या आइपरेको छ । अहिले खेत जोताइ १४ सयबाट बढेर २५ सय प्रतिघण्टा, डीएपी (खाद मूल्य) २२ सयवाट ४ हजार र युरिया ८ सयबाट २ हजार रुपियाँ पुगेको छ ।

कूटनीतिक क्षेत्रमा पनि प्रगति हुन सकेको छैन । हाम्रो जस्तो समन्वय र सन्तुलनमा अगाडि बढ्ने देशले विदेशी शक्तिलाई जिस्क्याउनु अनि कुनै सन्देश लिएर आउने मित्र राष्ट्रका प्रतिनिधिहरुसमेतको बेवास्ता गर्नु दुर्भाग्यपूर्ण हो । यस्ता हरेक कार्यमा कार्यकुशलता हुनुपर्छ अनि मात्र मुलुक प्रगतिपथमा लम्किनेछ ।

समाचारपत्रबाट



**स्नान गर्दै भक्तजनः**
मुस्ताङको पवित्र धार्मिक तिर्थस्थल मुक्तिनाथ मन्दिरस्थित १०८ धारामा स्नान गर्दै भक्तजन। मुक्तिनाथको १०८ धारामा स्नान गर्नाले धार्मिक मोक्ष प्राप्ति हुने जनविश्वाश रहेको छ। तस्विर : /रासस

# टिप्परको ठक्करबाट बाबुछोराको मृत्यु

दाङ। तुलसीपुरमा टिपरको ठक्करबाट दुई जनाको मृत्यु भएकबे छ। मृत्यु हुनेमा लमही नगरपालिका-५ निवासी ३५ वर्षीय मनोज नेपाली र उनका पाँच वर्षीय छोरा मीनराज नेपाली रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक होमराज पराजुलीले जानकारी दिए।

सोही घटनामा परेर मृतककी श्रीमती ३४ वर्षीया अमृता नेपाली घाइते भएकी हुन्।

सोमबार बिहान ६:०० बजे तुलसीपुरको गुल्म चोकमा रा १ ख २१९२ नम्बरको टिप्परले विपरीत दिशातर्फ गइरहेको रा ४ प ३३९० नं.को मोटरसाइकललाई ठक्कर दिँदा गम्भीर घाइते भएका दुवै जनाको उपचारका क्रममा शिक्षण अस्पताल कोहलपुरमा मृत्यु भएको हो।

प्रहरी नायब उपरीक्षक पराजुलीका अनुसार घाइते अमृताको सोही अस्पतालमा उपचार भइरहेको छ।

ठक्कर दिने टिपर चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको छ।

# स्याङ्जामा हुट र छत राखेका सवारीसाधनलाई निशेध



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले हुट र छत राखेका सवारीसाधनलाई चलाउन रोक लगाएको छ। वर्षायाम सुरु भएसँगै राजमार्ग र ग्रामीण क्षेत्रमा चल्ने सवारीसाधनको यात्रा जोखिमपुर्ण हुने भन्दै हुट र छत राखेर चलाउन रोक लगाएको हो। दुर्घट्ना न्यूनीकरण गर्ने अभियानअन्तर्गत ट्राफिक प्रहरीले अहिले धमाधम सवारीसाधनका हुट र छत हटाउन सक्रियता बढाएको छ। अहिलेसम्म १ सय १० सवारीसाधनका हुट र छत हटाईसकेको जिल्ला ट्राफिक प्रहरी प्रमुख नरेन्द्रबहादुर शाहीले जानकारी दिए।

'कानुनविपरीत राखिएका हुट र छतलाई हटाउने कार्य चलाएका छौं,' ट्राफिक प्रहरी प्रमुख शाहीले भने-'अब जिल्लामा कुनै पनि सवारीसाधन हुट र छत बिनाका चल्ने छन्, हुट र छतमा अनावश्यक सामान र मानिस बोकेर हिड्ने सवारीसाधनलाई कडा कारवाही हुन्छ ।' दुर्घट्नाबाट जोगिन ट्राफिक प्रहरी मात्रै लागेर नहुने यसमा सबैको साथ सहयोग आवश्यक रहेको शाहीले बताए।

विशेषगरी जिल्लाका भित्री सडकमा चल्ने पिकअप भ्यानले आफूखुशी हुट र छतहरु राखेर चलाउँदै आएका थिए। भित्री सडकमा दुर्घट्ना बढ्न थालेपछि जिल्ला ट्राफिक प्रहरी एक्सनमा उत्रेको छ। ट्राफिक प्रहरी मातहतका चौकीहरुले एकैसाथ ग्रामीण क्षेत्र र राजमार्गमा चल्ने सवारीसाधनको हुट र छत हटाउन सक्रियता बढाएका हुन्। अब स्याङ्जा भित्र चल्ने र बाहिरबाट आउने जुनसुकै सवारीसाधन छत र हुट बिनाका हुने शाहीले बताए। 'ट्राफिक नियमको पालना, सभ्य समाजको सृजना' भन्ने नारासहित जिल्ला ट्राफिक प्रहरीले दुर्घट्ना न्युनिकरण अभियान जिल्लाभर चलाएको छ।

ट्राफिक प्रहरीले देखाएको सक्रियतालाई सरोकारवाला निकायले प्रशंसा गरेका छन्। यो अभियानले ग्रामीण क्षेत्रको यातायातलाई थप व्यवस्थित बनाउने विश्वास सरोकारवाला निकायले लिएका छन्। ट्राफिक प्रहरीको नियम पूर्ण पालना गर्न सकेमा सुरक्षित यात्रा हुने अपेक्षा लिइएको छ। यो आर्थिक बर्षको जेठ १५ गतेसम्म १८ ओटा साना र ठुलागरी दुर्घना भएका छन् भने यस दुर्घटनाबाट ७ जनाले ज्यान गुमाएका छन्। गएको आर्थिक वर्षको तुलनामा दुर्घट्ना बढे पनि मृत्यू हुनेको संख्या भने घटेको ट्राफिक प्रहरी प्रमुख शाहीले बताए। उनका अनुसार गत आर्थिक वर्षमा १६ दुर्घट्ना र ९ जनाको मृत्यू भएको थियो।

जिल्लालाई सुरक्षित यात्रा बनाउने अवधराणाअनुसार ट्राफिक प्रहरीले मुख्य–मुख्य शहरहरुमा व्यवस्थित पार्किङ्को व्यवस्था गरेको छ। सिद्धार्थ राजमार्गमा पर्ने पुतलीबजार, बयरघारी, वालिङ र गल्याङ बजारमा अवेवस्थित पार्किङ्लाई स्थानीय सरकारको समन्वयमा व्यवस्थित बनाइएको छ। जसले गर्दा बजारमा किनमेल गर्न आउने पैदलयात्रु र राजमार्गमा चल्ने सवारीसाधनलाइ्र आवागमनमा निकै सहज हुन पुगेको बयरघारी ट्राफिक पोष्टका प्रमुख राजेन्द्र नेपालीले बताए।

कानुनविपरीत सवारी साधन चलाउने, मापसे र लापसे गरी सवारी साधन चलाउने चालकलाई समेत २४सै घण्टा निगरानीमा राख्न थालेको छ। यो पटक मात्रै लापसे सेवनगरी सवारी चलाउने २१ जना चालक कारवाहीमा परेका छन्।

कानुनविपरीत चल्ने सवारी साधनलाई कारबाही गर्दा यो आर्थिक वर्षको जेठ १८ गतेसम्म जिल्ला ट्राफिक प्रहरीले झण्डै १ करोड राजस्व संकलन गरेको छ।

# जैमिनी नगरपालिका बालमैत्री नगर घोषणा

बलेवा। बागलुङको जैमिनी नगरपालिका बालमैत्री नगरपालिका घोषणा भएको छ। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका ५१ सूचक पूरा गरेपछि नगरपालिकालाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार एक समारोहकाबिच बालमैत्री नगर घोषणा गरेका हुन्।

यसका लागि नगरपालिकाले दुई वर्षयता सामाजिक विकास र बालमैत्री पूर्वाधारमा झन्डै तीन करोड लगानी गरिसकेको थियो।

यस अगाडि जिल्लाको बागलुङ नगरपालिका र गलकोट नगरपालिकालाई बालमैत्री घोषणा गरिएको थियो।

जैमिनी नगरपालिकाका उप-प्रमुख हरिहर शर्माका अनुसार बालमैत्री पूर्वाधार निर्माण, विभिन्न अन्तरक्रिया कार्यक्रम र वडा- तहमा बालमैत्री सहजकर्ता खटाइएको थियो भने बालमैत्री विद्यालय, बालमैत्री पूर्वाधार र स्वास्थ्य तर्फका सबै सूचक पूरा गरिएको थियो।

नगरलाई बालमैत्री घोषणा अघि बालमैत्री विद्यालय भवन निर्माण, खानेपानी, शौचालयलगायतका पूर्वाधार निर्माण गरिएको छ।

टोल-टोलमा बालक्लब गठन गर्ने बालबालिकालाई सामाजिक कार्यक्रममा सहभागी गराउने, बालविवाह, बालश्रम अन्त्य गर्ने लगायतका अभियान सम्पन्न भइसकेको र अबको ध्यान नगर घोषणासँगै दीगोपनाका लागि राणनीतिक योजना तयारमा ध्यान गएको शर्माको भनाइ छ।

नगरपालिकाले आगामी दिनमा हुने हरेक विकास निर्माणलाई बालमैत्री बनाइने बताएको छ। बाल बचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी नगरपालिका बालमैत्री बनाइएको हो। विसं २०७९ मा नीतिगत निर्णय गरेर पालिकालाई बालमैत्री शासनयुक्त नगर बनाउने अभियान थालिएको थियो।

# कृषि विश्वविद्यालयमा १५ दिनमा १५ काम

चितवन। यहाँको कृषि तथा वन विज्ञान विश्वविद्यालयले नयाँ नेतृत्व पाएसँगै १५ दिनमा १५ वटा काम गरेको छ। विगतमा राजनीति खिचातानी र भागबण्डाका कारण विभिन्न नाममा हुने विवादले यहाँ कार्यसम्पादनमा समस्या हुने गरेको थियो। वर्तमान सरकार बनेपछि उप-कुलपतिमा प्राडा होमबहादुर बस्नेतलाई अर्को व्यवस्था नहुञ्जेलका लागि जिम्मेवारी दिएपछि कामले गति लिएको हो। प्राडा बस्नेतलाई बैशाख ३० गते प्रधानमन्त्री एवं विश्वविद्यालयको कुलपतिस्तरको निर्णयमार्फत् उपकुलपति नियुक्त गरिएको थियो। यससँगै उनले विश्वविद्यालयमा रजिष्टार, डिन र रिक्त निर्देशकहरू नियुक्त गरी कामलाई तीव्रता दिएका हुन्।

नयाँ सरकार बनेसँगै यसअघि राजनीतिक भागवण्डामा नियुक्त भएका उप-कुलपति, रजिष्टार, डिन र निर्देशकहरूलाई एकमुष्ठ पदमुक्त गरिएको थियो। विश्वविद्यालय स्थापनायता नियमित रूपमा राजनीतिक भागवण्डामा नियुक्त भएका पदाधिकारीमार्फत् हुन नसकेका कामसमेत हाल अगाडि बढेका छन्। उप-कुलपति बस्नेतले राजनीतिक पक्षधरता नहेरी काम गर्नसक्ने सक्षम व्यक्तिलाई नियुक्त गरेर कामलाई तीव्रता दिएकाले काम गर्न सहज भएको बताए।

आफूले गरेका १५ काम सार्वजनिक गर्दै उनले विश्वविद्यालयअन्तर्गतको वन विज्ञान सङ्काय हेटौँडा र त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान क्याम्पस हेटौँडाको विवाद तत्कालका लागि समाधान गरिएको बताए। यहाँ रहेका विवाद र समस्याको दिगो समाधानका लागि शिक्षा मन्त्रीलाई ध्यानाकर्षण गराइएको उप-कुलपति बस्नेतले जानकारी दिए।

विश्वविद्यालयमा भएका गुनासालाई सम्बोधन गर्दै सुशासनको प्रत्याभूति दिन एवं विभिन्न निकायको परिपत्रलाई समेत मध्यनजर गर्दै मातहतका निकायलाई अभिप्रेरित गर्ने, विद्युतीय हाजिरी प्रणालीको नियमन तथा कार्यालय समयमा सामाजिक सञ्जालको प्रयोगको नियमन गरिएको उनले बताए। बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री एवं सचिवसँग छलफल गरी सोही मन्त्रालयको प्राथमिकतामा रहेका मल उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययनको लागि प्रारुप तयार गर्न यस विश्वविद्यलयसँग माग भएबमोजिम अवधारणापत्र तयार गरिएको उनको भनाइ छ। नेपाल सरकारले चीन सरकारको सहयोगमा भैंसी एवं राँगाको मासु निर्यातको उद्देश्य लिई सिन्धुलीको मरिण गाउँपालिकामा स्थापना गरिरहेको मासु प्रशोधन उद्योगमा प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउन सहकार्यका लागि पहल गरिएको बस्नेतले जनाए।

यस्तै, तीनवटै सङ्कायमा रोकिएको स्नातक, स्नातकोत्तर एवं विद्यावारिधि कार्यक्रमका गतिविधि, प्रयोगशाला मर्मतसम्भार, कृषि सङ्कायमा विद्युत् टार्न्सफर्मर जडान, अडिटोरियमहल मर्मत प्रक्रिया सुरु गरिएको उनको भनाइ छ।

उपकुलपति बस्नेतले भने-"विशेष परिस्थितिका कारण स्थगित भएको यस विश्वविद्यालयको पाँचौं दीक्षान्त समारोह एवं छैटौं विशेष बैठकको मितिसमेत तय गरी तयारी थालिएको छ। विश्वविद्यालयले विभिन्न दातृ निकायका अधिकारीसँग छलफल गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा थप प्रयास गरिएको छ।"

यस विश्वविद्यालयको अनुसन्धान एवं प्रसार निर्देशनालयले आयोजना गर्न लागेको राष्ट्रिय सम्मेलन आगामी असार ११ देखि १३ गतेसम्म गर्नेगरी तयारी अगाडि बढाइएको पनि उनले जानकारी दिए।

विश्वविद्यालयले प्राध्यापकहरूको अभाव एवं बढ्दो कक्षा भारको समस्या समाधानका लागि काम अघि बढाइएको छ। असार ३ गते विश्वविद्यालयको स्थापना दिवस भव्य रुपमा मनाउनको लागि जिल्ला आइपिएम कृषक समूहको सहकार्यमा समुदायस्तरमा बाली उपचार शिविर गरिँदै छ। विविध कारणले रोकिएर बसेका पूर्वनिर्धारित कार्यक्रम अघि बढाइएको छ।

समग्र कृषि शिक्षा, कृषि प्रसार एवं अनुसन्धान एकै छातामा रहने गरी अगाडि बढ्न राष्ट्रिय योजना आयोगका सदस्य डा.देवेन्द्र गौचन एवं कृषि मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रासँग गहन छलफल गरी काम अघि बढाइएको बस्नेतले जानकारी दिए।

**एकीकृत...**

रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले पर्यटन उद्योगलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्नुपर्ने बताए। पर्यटनमैत्री पूर्वाधार, लगानीको सुरक्षा र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति आवश्यक रहेको उनको भनाइ थियो।

संघका वरिष्ठ उपाध्यक्ष जिवकान्त काफ्लेले रुपन्देहीमा चीन र भारत जस्ता विशाल जनसंख्या भएका मुलुकबाट बौद्ध र हिन्दु धर्मावलम्बी पर्यटक भित्राउन सकिने औंल्याए।

महासचिव सुमन बस्यालले लुम्बिनी-बुटवल-देवदह-जितगढी किल्ला-तिनाउ करिडोरलाई समेटेर पर्यटन सर्किट विकास गर्न सके रुपन्देहीलाई अन्तर्राष्ट्रियस्तरको गन्तव्य बनाउन सकिने धारणा राखे।

कार्यक्रममा युवराज कंडेल, प्रदीप आचार्य लगायतले पनि आफ्ना धारणा राखेका थिए।

गोष्ठीले राज्यको नीति र कानुनी जटिलतालाई हटाउनु पर्नेमा जोड दिएको छ।

गोष्ठीको निष्कर्ष रुपन्देहीसँग धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पर्यटनका लागि आवश्यक सम्पदाको कमी छैन भन्ने रहेको थियो। अब तिनलाई एउटै सूत्रमा बाँध्ने दूरदर्शी योजना, व्यवस्थित पूर्वाधार, प्रभावकारी प्रचारप्रसार र साझा प्रतिबद्धताको खांचो रहेको गोष्ठीले निश्कर्ष निकालेको संघका कोषाध्यक्ष विशाल बेल्बासेले बताए। सैद्धान्तिक कुरा र प्रतिवेदनले मात्र पर्यटन क्षेत्रमा सुधार हुन नसक्ने हुंदा कार्यान्वयन तहमा रहेका समस्या समाधान र समय सापेक्ष नीतिसंगै तीन तहका सरकारबिचको अधिकारको अस्पष्टता हटाउन गोष्ठीले माग गरेकाले सोही अनुसार अघि बढ्नुपर्ने रुपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीले बताए।

**प्रधानमन्त्रीको...**

कार्यक्रममा पार्टी महामन्त्री गुरुराज घिमिरे, लुम्बिनी प्रदेश उपसभापति भुवन श्रेष्ठलगायतले बोलेका थिए। कार्यक्रम दुई दिनसम्म चल्नेछ।

**संसद नियमावली पारितप्रति आपत्ति**

प्रतिनिधिसभाबाट आइतबार जबरजस्ती पारित गरिएको प्रतिनिधिसभा नियमावली, २०८३ प्रति नेपाली कांग्रेसले आपत्ति जनाएको छ।

सदनलाई व्यवस्थित गर्न बनाइएको यो नियमावलीले कानुन निर्माणको सर्वमान्य सिद्धान्तलाई अपमान गरेको कांग्रेसको ठहर छ।

पार्टी प्रवक्ता देवराज चालिसेले विज्ञप्ति जारी गर्दै भनेका छन्-"मस्यौदा समितिदेखि संसद्सम्म छलफलका क्रममा नेपाली कांग्रेससहितका विपक्षी दलहरूले उठाएका फरक मत, संसद्मा राखेको संशोधन, सुझाव तथा संवैधानिक प्रश्नहरूलाई बेवास्ता गर्दै बहुमतको दम्भमा आधारित मतद्वारा नियमावली पारित गरिनु र त्यस किसिमको प्रक्रियालाई सम्माननीय सभामुखले प्रश्रय दिनु लोकतान्त्रिक अभ्यास, संसदीय मर्यादा र विधिको शासनको भावना विपरीत भएको हाम्रो ठहर छ।"

"लोकतन्त्र विधिबाट चल्छ। बाधा अड्काउ फुकाउने व्यवस्था अपवाद हुन सक्छ, तर प्रस्तावनामा नै बाधा अड्काउ फुकाउनका लागि प्रावधान राखेर मार्गदर्शक सिद्धान्त बनाउने सत्तापक्षको प्रयास सर्वथा अलोकतान्त्रिक छ," विज्ञप्तिमा भनिएको छ-"संसद्का प्रत्येक अभ्यासमा बाधा अड्काउ फुकाउने हो भने नियमावली किन चाहियो, विधि किन चाहियो ?"

लोकतन्त्रमा अपवादको अस्तित्व स्वीकार्य हुने तर अपवादलाई दर्शन बनाउने कुरा स्वीकार्य नहुने कांग्रेसले जनाएको छ। नियम २५९ मा रहेको 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि' भन्ने वाक्यांश नेपालको संविधान, लोकतान्त्रिक मूल्य र मान्यता विपरीत रहेको कांग्रेसको ठहर छ। कुनै व्यक्ति विशेषलाई कानुनी उन्मुक्ति दिने मनसायका साथ यो प्रावधान राख्नु दुःखद रहेको चालिसेले बताए।

उनले भने- "भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण लगायतका गम्भीर अभियोगमा सांसदहरूलाई निलम्बनबाट जोगाउने व्यवस्था गरिनु संविधानमा व्यवस्था भएको समानताको हक, कानुनको समान, संरक्षण तथा जबाफदेहिताको सिद्धान्तसँग मेल खाँदैन।"

कुनै पनि नियमावली संविधान भन्दा माथि हुन नसक्ने, न त संघीय संसद्को एउटा सभाले आफ्नो सभा संचालन र व्यवस्थापन गर्न पारित गरेको नियमावलीले संसदद्वारा पारित ऐनलाई निष्प्रभावी बनाउन सक्ने उनको भनाइ छ।

कानुन बनाउने संसद्ले आफ्ना लागि विशेष कानुनी संरक्षण खोज्नु आफ्नै मर्यादाको उपहास गर्नु रहेको कांग्रेसले विज्ञप्तिमा उल्लेख गरेको छ।

नियम १४० ले संविधान संशोधन सम्बन्धी संवैधानिक प्रक्रियाको अपव्याख्या गर्दै संघीय संसद् अन्तर्गतको राष्ट्रिय सभाको विशेष अधिकारलाई कुण्ठित गरी संविधानको मूल भावनालाई कमजोर बनाउने प्रयास गरेको कांग्रेसको निष्कर्ष छ। कांग्रेसले यसलाई असंवैधानिक भन्दै अस्वीकार्य रहेको जनाएको छ।

नियमावलीमार्फत् बहुमतको बलमा अल्पमतका तर्क, संवैधानिक मर्म र लोकतान्त्रिक मूल्यहरूको उपेक्षा गरिएको कांग्रेसले जनाएको छ। कांग्रेसले नियमावलीमा राखिएका कतिपय गम्भीर विषय र यसलाई पारित गर्ने प्रक्रियाप्रति स्पष्ट असहमति व्यक्त गरेको छ।

**श्री हातेमालो सामुदायिक वन उपभोक्ता समूह**
बर्दघाट न.पा.-२, सुखौरा, नवलपरासी (ब.सु.प.)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८३/२/१९ गते

यस श्री हातेमालो सामुदायिक वन उपभोक्ता समूह, बर्दघाट न.पा.-२, सुखौरा नवलपरासी (ब.सु.प.)को वनमा ढलापडा र पुनरोउत्पादन कटानवाट उत्पादन भै बर्दघाट न.पा.-२, सुखौरा नवलपरासी (ब.सु.प.) को घाट्गद्दीमा लट बनाई राखिएको विभिन्न ग्रेडको साल जातको गोलिया थान-१०८ को ८१७.२० क्यू.फीट, कर्मा जातको गोलिया थान-११ को १०८.०८ क्यू.फीट, काकरी जातको गोलिया थान-१ को २.९२ क्यू.फीट, कुसुम जातको गोलिया थान-३४ को २३७.४० क्यू.फीट, जिङ्गड जातको गोलिया थान-२७ को २२७.८० क्यू.फीट, प्यारी जातको गोलिया थान-५ को २३.१९ क्यू.फीट, बर्रो जातको गोलिया थान-९ को ६०.४५ क्यू.फीट, बाझी जातको गोलिया थान-१३ को ५३.९६ क्यू.फीट, बोटधाईरो जातको गोलिया थान-२६ को १०७ क्यू.फीट, झ्लायो जातको गोलिया थान-१ को ३.१३ क्यू.फीट, अन्य जातको गोलिया थान-३ को गरि कुल गोलिया थान-२३८ को १६५२.०३ क्यू.फीट काठ तथा साल दाउरा १.७५ चट्टा, र अन्य दाउरा ६.० चट्टा गरी कुल दाउरा ७.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८३/०३/०९ गते भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यो सुचनासँग सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**सोम बहादुर कामी**
**अध्यक्ष**

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# सञ्चार क्षेत्रलाई थप समावेशी बनाउन आवश्यक : पूर्वराष्ट्रपति



बुटवल । दलित समुदायको प्रतिनिधित्व, समावेशी सञ्चार र संविधान प्रदत्त अधिकारको प्रभावकारी कार्यान्वयनका विषयमा आयोजित कार्यक्रममा वक्ताहरूले दलित पत्रकारहरूको क्षमता अभिवृद्धि तथा सञ्चार क्षेत्रलाई थप समावेशी बनाउन आवश्यक रहेको बताएका छन् ।

कार्यक्रममा प्रमुख अतिथि पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले दलित समुदायले आफ्नो मेहनत, सीप र शिल्पमार्फत् नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताइन् । उनले विशेष नगर्चीले राष्ट्रिय एकीकरणमा पुऱ्याएको योगदान तथा कटुवालहरूले सूचना आदानप्रदानमा खेलेको भूमिकाको स्मरण गर्दै सम्मान व्यक्त गरिन् ।

पूर्व राष्ट्रपति भण्डारीले संविधानलाई केवल राजनीतिक दस्तावेज नभई दलित समुदायको आत्मसम्मानको दस्तावेजका रूपमा व्याख्या गर्दै संविधानले दलित समुदायलाई विभिन्न अधिकार सुनिश्चित गरेको उल्लेख गरिन् । उनले संवैधानिक तथा कानुनी अधिकार प्राप्त भए पनि कार्यान्वयनमा अझै चुनौती रहेको, विभेदका घटनाहरू अन्त्य हुन नसकेको तथा भूमि र आवासको समस्या समाधान हुन बाँकी रहेको बताइन् ।

पत्रकारिता क्षेत्रको समावेशितामाथि समीक्षा आवश्यक रहेको उल्लेख गर्दै उनले राष्ट्रिय सञ्चारमाध्यमहरू दलित समुदायको सहभागिताका दृष्टिले अझै पर्याप्त समावेशी हुन नसकेको बताइन् । श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन, पत्रकारहरूको भौतिक सुरक्षाको सुनिश्चितता तथा कलम र आवाजमार्फत विभेदविरुद्धको अभियानलाई सशक्त बनाउन उनले आग्रह गरिन् ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनारले दलित पत्रकारहरूलाई संगठित गर्ने कार्य सराहनीय रहेको बताउँदै दलित पत्रकार संघलाई थप सशक्त बनाउन आफू सहयोग गर्न तयार रहेको बताए। उनले दलित समुदाय लक्षित बजेटको प्रभावकारी कार्यान्वयनका लागि एकताबद्ध हुन आग्रह गर्दै दलित अधिकारको कार्यान्वयनमा अझै चुनौती रहेको उल्लेख गरे । दलित समुदायमाथि हुने हिंसाका घटनामा न्यायका लागि निरन्तर आवाज उठाइरहने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

यस्तै राष्ट्रिय दलित पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष विनोद पहाडीले दलित आन्दोलनको साझा संगठनका रूपमा संघले काम गरेको बताए ।

उनले आफूले देशैभरका दलित समुदायका पत्रकारहरूलाई जोड्ने गरी संगठन निर्माण गरेको बताउँदै यस अवधिमा सहयोग गर्नेहरूलाई आभार प्रकट गरे । पहाडीले आफू पत्रकार महासंघमा रहँदा समावेशिताको नीतिलाई कार्यान्वयन गराएको बताए । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विष्णु निस्ठुरीले पत्रकारिताको मूल तत्त्व स्वस्थ सूचना भएको उल्लेख गर्दै अस्वस्थ सूचना प्रवाहको प्रवृत्ति बढेकोमा चिन्ता व्यक्त गरे । पत्रकारिता प्रजातन्त्रको प्राण भएकाले यसको विश्वसनीयता जोगाउनुपर्नेमा उनले जोड दिए ।

चन्द्रागिरि नगरपालिकाकी उपप्रमुख बसन्ती श्रेष्ठले पत्रकारहरूले सत्यतथ्य सूचना जनतासम्म पुऱ्याउनुपर्ने बताउँदै दलित पत्रकारहरूको हकहितका लागि कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिन् । दलित तथा महिला समुदायको अधिकार संरक्षण र आयआर्जन अभिवृद्धिका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको उनले बताइन् ।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले पत्रकारिता क्षेत्रमाथि घेराबन्दी सुरु भएको आरोप लगाउँदै सरकारले पत्रकारितालाई कमजोर बनाउने अभियान थालेको बताए । उत्पीडित समुदायका मुद्दालाई सञ्चारमाध्यमको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै उनले देशव्यापी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आग्रह गरे ।

प्रेस सेन्टर नेपालका अध्यक्ष कमल गिरीले पत्रकारिताको मूल विषय नै सीमान्तकृत वर्गको आवाज रहेको बताउँदै विभेद अन्त्यका लागि सञ्चार क्षेत्र सधैँ सक्रिय रहेको बताए । उनले सामाजिक न्यायको विषय सम्पूर्ण पत्रकारिता क्षेत्र र राष्ट्रकै साझा एजेन्डा बन्नुपर्नेमा जोड दिए । वर्तमान समयमा पनि विभेदका घटनाहरू किन भइरहेका छन् भन्ने विषयमा नयाँ ढंगबाट बहस आवश्यक रहेको उनको भनाइ थियो ।

जनपत्रकार संगठनका अध्यक्ष शेरबहादुर विकले संविधानमा लेखिएका अधिकारहरूको कार्यान्वयनमा समस्या रहेको उल्लेख गर्दै राजधानीमा कोठा पाउनसमेत आन्दोलन गर्नुपर्ने अवस्था रहेको बताए । उनले ग्रामीण क्षेत्रमा अझै गणतन्त्रको अनुभूति हुन नसकेको दाबी गर्दै सरकार अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्न अग्रसर भएको आरोप लगाए । दलित समुदायका लागि गणतन्त्र अझै अपुग रहेको उनको भनाइ थियो ।

जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माले पत्रकारिता क्षेत्र जोखिमपूर्ण बन्दै गएको अवस्थामा दलित पत्रकार संघले दलित समुदायको प्रतिनिधित्वका लागि महत्त्वपूर्ण भूमिका खेलेको बताइन् । उनले दलित महिलाको आवाज बुलन्द बनाउन संघको भूमिका अझ प्रभावकारी हुने विश्वास व्यक्त गरिन् ।

साथै संविधान प्रदत्त दलित महिला तथा अल्पसंख्यक समुदायका अधिकारहरू कटौती हुने सम्भावनाप्रति चिन्ता व्यक्त गर्दै महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले खेलेको भूमिकाको प्रशंसा गरिन् ।

कार्यक्रममा स्व टिआर विश्वकर्मा स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकारहरू रामप्रसाद आचार्य, जनक सापकोटा र विनोद परियार पुरस्कृत भएका छन् । यसैगरी साहित्यकार मोदनाथ प्रश्रित, पदम सुन्दास, कमला हेमच्युरी, चिन्ता परियार, सुशीला श्रेष्ठलाई विभिन्न क्षेत्रबाट योगदान गरेबापत सम्मान गरिएको थियो ।

# रोट्र्याक्ट डाउनटाउनद्वारा विद्यालयलाई दुई थान फिल्टर हस्तान्तरण




तिलोत्तमा । रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनले आफ्नो पहिलो जिल्ला अनुदान (DG २०२५/२६-२१३) अन्तर्गत सञ्चालित 'ह्याप्पी स्कूल परियोजना' मार्फत् रुपन्देहीको तिलोत्तमा नगरपालिका-कोटिहवास्थित पशुपति माध्यमिक विद्यालयमा चिल्ड एन्ड प्युरिफाइड वाटर डिस्ट्रीब्युसन सिस्टम जडान गरी विद्यालयलाई हस्तान्तरण गरेको छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई चिसो, प्रशोधित, शुद्ध तथा पर्याप्त पिउने पानी उपलब्ध गराउने उद्देश्यले १२० लिटर र ८० लिटर क्षमताका दुई वटा मेसिन जडान गरिएको क्लबले जनाएको छ । उक्त प्रणालीले विद्यालयका विद्यार्थी तथा शिक्षकहरूलाई सुरक्षित पिउने पानी उपलब्ध गराउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

आइतबार आयोजित हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि तथा रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटानका डिस्ट्रिक्ट रोट्र्याक्ट रिप्रेजेन्टेटिभ (RR) दिनेश गैरेले सामाजिक क्षेत्रमा गरिने साना-साना प्रयासहरूले पनि समुदायमा ठूलो र दीर्घकालीन प्रभाव पार्न सक्ने बताए । उनले विगतका वर्षहरूको तुलनामा यस वर्ष धेरै प्रभावकारी तथा समुदायमुखी परियोजनाहरू सञ्चालन भइरहेको उल्लेख गर्दै रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरेको योगदान प्रशंसनीय रहेको बताए ।

रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनका अध्यक्ष आविष्कार खनालले विद्यालयमा जडान गरिएका उपकरणहरूको सही सदुपयोग गर्न आग्रह गर्दै विद्यार्थीहरूको स्वास्थ्य तथा अध्ययन वातावरण सुधारमा यस परियोजनाले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे। उनले क्लबले आगामी दिनमा पनि शिक्षा, स्वास्थ्य तथा सामुदायिक विकाससँग सम्बन्धित कार्यक्रमहरूलाई निरन्तरता दिने जनाए ।

विद्यालयका प्रधानाध्यापक वेदनारायण भट्टराईले विभिन्न सामाजिक संस्था तथा दातृ निकायहरूको सहयोगले विद्यालयको शैक्षिक तथा भौतिक विकासमा महत्वपूर्ण टेवा पुगिरहेको बताउँदै रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनप्रति आभार व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष बाला घिमिरेले विद्यालयको आवश्यकता पहिचान गरी चिसो तथा शुद्ध पिउने पानीको व्यवस्था गरिदिएकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सहयोगमूलक कार्यक्रमहरू निरन्तर सञ्चालन हुने अपेक्षा व्यक्त गरिन् ।

कार्यक्रममा क्लबका पूर्व अध्यक्ष तथा रोटरि क्लब अफ बुटवल डाउनटाउन का अध्यक्ष बाबुराम बञ्जाडेले रोटरी तथा रोट्र्याक्टले विद्यार्थी तथा शिक्षा क्षेत्रको विकासका लागि निरन्तर काम गर्दै आएको बताए । क्लबका उपाध्यक्ष विकास टण्डनको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन क्लबका सचिव केशव पौडेलले गरेका थिए ।

कार्यक्रममा रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनका पूर्व अध्यक्षहरू जीवनप्रसाद अधिकारी, रामप्रसाद बेल्बासे, सौरभ भुसाल तथा बाबुराम बञ्जाडे, निवर्तमान अध्यक्ष डिल्ली राज ढकाल, रोटरी क्लब अफ बुटवल डाउनटाउनका निर्वाचित अध्यक्ष धर्मदत्त ज्ञवाली, रोट्र्याक्ट डिस्ट्रिक्ट अफिसियल युकेशमान ज्ञवाली, छिमेकी क्लबका अध्यक्ष विजय अधिकारी, सुलभ घिमिरेलगायत क्लबका बोर्ड सदस्य तथा सदस्यहरूको उपस्थिति रहेको थियो । साथै विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरू, शिक्षक-शिक्षिका, विद्यार्थी, सञ्चारकर्मी तथा स्थानीय सरोकारवालाहरूको समेत उल्लेखनीय सहभागिता रहेको थियो ।

उक्त कार्यक्रम पश्चात् रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनको ३४७औँ नियमित बैठक तथा डिस्ट्रिक्ट रोट्र्याक्ट रिप्रेजेन्टेटिभ (DRR) को आधिकारिक भ्रमण कार्यक्रमसमेत सम्पन्न भएको थियो । कार्यक्रमले क्लबको सामाजिक उत्तरदायित्व तथा समुदायप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाएको सहभागीहरूले बताएका छन् ।

# चार युवा संगठनले मागे प्रधानमन्त्रीको राजीनामा

बुटवल । चार दलका युवा संगठनहरूले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री बालेन शाहको राजीनामा माग गरेका छन् । राष्ट्रिय युवा संघ नेपाल, वाईसीएल, युवा संघ नेपाल र नेपाल समाजवादी युवा संघले सोमबार संयुक्त विज्ञप्ति जारी गरेका हुन् ।

जारी विज्ञप्तिमा प्रधानमन्त्री शाहले संसद् बैठकमा सम्बोधन गर्ने क्रममा दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएको छ ।

साथै, जनतासँग माफी मागेर राजीनामा दिन समेत विज्ञप्तिमार्फत् आह्वान गरिएको छ ।

'...जनविरोधी तथा राष्ट्रघाती गतिविधिहरू हामी देशभक्त, राष्ट्र प्रेमी र जनजीविका पक्षमा आवाज बुलन्द गर्ने युवाहरूको निम्ति सह्य हुन सक्दैन । नेपाली जनताको धैर्यताको बाँध नटुट्दै जनता समक्ष माफी मागेर राजीनामा दिन प्रधानमन्त्री शाहलाई आह्वान गर्दछौं ।'- विज्ञप्तिमा भनिएको छ । प्रधानमन्त्री शाहले भारतले मात्रै नभइ नेपालले पनि भारतको सीमा मिचेकोबारे आफूले प्रधानमन्त्री भएपछि थाहा पाएको सम्बोधनको क्रममा भनेका थिए ।

उनको उक्त अभिव्यक्तिप्रति आलोचना भइरहेको छ ।

'प्रधानमन्त्रीको उक्त अभिव्यक्ति अत्यन्तै गैरजिम्मेवार, राष्ट्रियता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको प्रतिकूल र स्थापित ऐतिहासिक तथ्य विपरीत छ । प्रधानमन्त्री शाहको उक्त राष्ट्रघाती अभिव्यक्तिको घोर निन्दा एवं भर्त्सना गर्दछौं,' विज्ञप्तिमा भनिएको छ- 'प्रधानमन्त्री शाहको यस्तो खाले गैरजिम्मेवार र राष्ट्रघाती अभिव्यक्ति आउनु भनेको कतै नेपाली भूमी भारतलाई सुम्पने षड्यन्त्र त होइन भन्ने आशंकासमेत पैदा भएको छ ।'

साथै, संगठनहरूले विगतमा प्रधानमन्त्री शाह र उनी आबद्ध पार्टी रास्वपाले निर्णय लिनुअघि 'मिडिया ट्रायल' गर्ने गरेको उल्लेख गर्दै यो घटनाप्रति पनि सोही आशंका व्यक्त गरेका छन् ।

'विगतमा उहाँ र उहाँ आवद्ध पार्टी रास्वपाले विभिन्न निर्णय लिनु अगाडि मिडिया ट्रायल गर्ने चलन गरेको थियो यो पनि त्यही सिलसिलाको कडी त होइन गम्भीर प्रश्न खडा भएको छ ? भारतले समेत अहिलेसम्म कहिँ कतै दाबी नगरेको विषय उहाँबाट अभिव्यक्त उक्त राष्ट्रघाती अभिव्यक्ति गम्भीर र आपत्तिजनक रहेको छ ।'

# सुस्तालाई सोध, नेपाली भूमि कसले मिचेको छ ?

बुटवल । सुस्ता गाउँपालिका ५ का रन्जन लोनियालाई २०८१ साल फागुन १२ गते आफ्नै खेत जोतिरहेका बेला भारतीय सुरक्षा निकाय एसएसबीको एक टोली आएर यो भारतको जग्गा हो भन्दै जोत्न रोक्दै कुटपिट गरे । नेपाली भूमिमा आएर एसएसबीका जवानहरुले कुटपिट मात्र गरेनन् लोनियालाई नियन्त्रणमा लिएर जंगलको बाटो हुँदै आफ्नो क्याम्पतिर लैजाने प्रयास गरे । तर सुस्ता ५ थारुटोलका गाउँलेहरुको समूह, नेपाल प्रहरी र सशस्त्र प्रहरी समेत पुगेर प्रतिवाद गरेपछि लोनिया एसएसबीको नियन्त्रणबाट मुक्त भए ।

त्यही घटनालाई लिएर भारतीय पक्षले सुस्ता बचाउ अभियानका कार्यवाहक अध्यक्ष आदम खान, लोनिया सहित १४ जनामाथि बाल्मिकी नगर थानामा मुद्दा चलायो । मुद्दा परेपछि रन्जन लोनिया, जयनारायण शाह र उनका छोरा समेत तीनजनालाई भारतको भेडिहारी हाटबजारमा किनमेल गर्न गएको बेलामा एसएसबीले पक्राउ गरेर थुनामा राख्यो । चार दिनपछि मात्रै उनीहरु छुटे ।

'नेपालीमाथि भारतीय पक्षबाट यस्तो ज्यादती हुंदा पनि जनप्रतिनिधि, राजनीतिक दल, सुरक्षा निकायले खुलेर स्पष्ट रुपमा विरोध जनाउंदैनन्, बोल्दैनन्,' सुस्ता बचाउ अभियानका कार्यवाहक अध्यक्ष आदम खानले भने-'कसैले वास्ता नगरेपछि सबैले थाहा पाउन् भनेर दुई महिनापछि घटना बाहिर ल्याएं, यहाँ भारतीय पक्षको ज्यादतीको विरोध गऱ्यो वा बोल्यो भने मुद्दा खेप्नुपर्ने र पक्राउ पर्नुपर्ने अवस्था छ, धेरैले सहेर बस्नुपरेको छ ।'

सुस्ता ५ का मुन्सी हरिजनले एसएसबीले सुस्तावासीलाई मोटरसाइकलमा हिंड्डुल गर्न अवरोध गर्ने, नेपालमा हातहतियार सहित आएर डर त्रास सिर्जना गर्ने गरेको गुनासो गरे ।

'भारतीय पक्षलाई दुख दिन मन लाग्यो भने जुनसुकै बेला नेपालीमाथि अवरोध हुने गर्छ,' हरिजनले भने-'हिजो प्रधानमन्त्री बालेन्द्रको अभिव्यक्तिले त अब भारतीय पक्षलाई झन् बल पुगेको छ, प्रधानमन्त्री नै त्यस्तो गैरजिम्मेवार कुरा बोलेपछि अब हामीले के भनेर प्रतिवाद गर्ने ?'

हरिजनले प्रधानमन्त्री बालेन्द्रलाई कसले कसको भूमि मिचेको छ त्यो हेर्न सुस्ता आउन आग्रह गरे । 'सुस्तामा हजारौं हेक्टर जमिन भारतले मिचेको छ तर प्रधानमन्त्रीले संसदमा नेपालले पनि भारतको जमिन मिचेको छ भन्नुहुन्छ,' हरिजनले भने-'प्रधानमन्त्रीको अभिव्यक्तिले सुस्तावासीलाई ठूलो पीडा दिएको छ, मेयर हुंदा ग्रेटर नेपालको नक्सा राख्ने व्यक्तिले अहिले के कति कारणले सिंगो देशलाई पीडा हुने कुरा बोल्नुभयो बुझ्न सकेका छैनौं ।'

सुस्ता गाउँपालिका-३ का वडाध्यक्ष हरिलाल दुसाधले भारतीय सीमा सुरक्षा बल एसएसबीले बारम्बार सुस्ताबासीलाई विभिन्न बहानामा दुख दिने गरेको गुनासो गरे ।

'नेपाली नागरिक बसेको जग्गामा आएर खेतीपाती गर्ने सिजनमा आएर हाम्रो जमिन हो भन्दै बेला बेला दुख दिने गरेका छन्,' दुसाधले भने-'कहिले कल्भर्ट बनाउन रोक्छन्, कहिले वस्तीमा आएर दुख दिन्छन् ।' सुस्ताको समस्या समाधानका लागि भारत सरकारसंग वडा र गाउंपालिकाले कुरा गरेर नहुने भएकाले केन्द्र सरकारले चासो दिएर सधैंका लागि विवाद समाधान गरिदिनुपर्ने वडाध्यक्ष दुसाधले आग्रह गरे ।

नारायणी (गण्डक) नदीले धार परिवर्तन गरेपछि उत्पन्न सीमा विवादका कारण सुस्तामा दशकौंदेखि भारतबाट नेपाली भूमि अतिक्रमण भएको विषय उठ्दै आएको छ ।

सीमा विज्ञ तथा विभिन्न अध्ययनअनुसार भारतले सुस्ताको करिब १४ हजार ५ सय हेक्टर नेपाली भूमि अतिक्रमण गरेको दाबी छ । सुस्ता बचाउ अभियानका प्रवक्ता रविन्द्र जैसवालले सुस्ताको ठूलो क्षेत्र भारतीय कब्जामा रहेको र नेपाली नागरिकले आफ्नै भूमिमा सहज रूपमा खेतीपाती गर्न नपाएको बताउँछन् । 'नेपाल पक्षको बलियो उपस्थिति र सुस्तावासीलाई साथ नहुंदा पीडित सर्वसाधारणहरु आफूमाथि भएको ज्यादतीबारे खुलेर बोल्न समेत डराउँछन्,' जैसवालले भने-'एसएसबीका जवानहरू हतियारसहित नेपाली भूमिभित्र प्रवेश गरेर गस्ती गर्ने, किसानलाई खेतमा जान रोक्ने तथा मानसिक दबाब सिर्जना गर्ने गरेका छन् ।'

सुस्ता गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यायले भारतले सुस्तामा हजारौं हेक्टर जमिन अतिक्रमण गरेको भए पनि यकिन तथ्यांक संघीय सरकारसंग हुने भएकाले आफूले ठयाक्कै कति मिचेको छ भन्न नसक्ने बताए ।

१५ वर्षअघिसम्म सुस्तावासीमाथि एसएसबी र भारतीय पक्षबाट धेरै ज्यादति हुने गरेको तर सुस्तामा नेपाली सुरक्षा निकायको उपस्थिति भएपछि ज्यादती हुन छाडेको अध्यक्ष उपाध्यायले बताए । 'कहिलेकांही समस्या आउँछ तर नेपाल प्रहरी र सशस्त्र प्रहरीको पोष्ट स्थापना भएपछि पहिला जस्तो समस्या छैन ।'-अध्यक्ष उपाध्यायले भने ।

उनले प्रधानमन्त्री बालेन्द्र साहले संसदमा नेपालले पनि भारतको सीमा मिचेको छ भनेकै दिन आइतबार साँझ ४०-५० जना भारतीय सुरक्षाकर्मी आएर नेपालतर्फ बनिरहेको १३२ मिटर लामो तटबन्धको काम रोक्न भनेपछि निर्माण रोकिएको बताए ।

# उपाध्यक्ष कप महिला भलिबल प्रतियोगितामा कञ्चन १ च्याम्पियन

कञ्चन।कञ्चनस्पोर्टस्एकेडेमी, कञ्चन रुपन्देहीको आयोजना तथा कञ्चन गाउँपालिकाद्वारा प्रबर्द्धित उपाध्यक्ष कप महिला भलिबल लिग प्रतियोगिताको उपाधि कञ्चन १ ले हात पार्दै २०८३ सम्पन्न भएको छ।

कञ्चन गाउँपालिकाअन्तर्गत वडा स्तरीय महिला भलिबल टिमबिच प्रतिस्पर्धा गराइएको उक्त प्रतियोगितामा वडा नं. १ ले वडा नं. ३ लाई पराजित गर्दै उपाधि हात पारेको हो ।

उपाधि हात पारेसँगै वडा नं. १ ले नगद २० हजार रुपैया सहित कप र मेडल प्राप्त गर्न सफल भएको छ भने उपविजेता बनेको वडा नं. ३ ले नगद १५ हजार रुपैयाँसहित कप र मेडल प्राप्त गरेको छ। यस्तै लिग प्रणालीको आधारमा रुपन्देहीको एकमात्र रमणीय ताल गजेडी ताल कुचेरामा सञ्चालन भइरहेको प्रतियोगितामा तृतीय भएको वडा नं. ४ ले नगद १० हजार रुपैयाँ सान्त्वना भएको वडा नं. ५ ले नगद ५ हजार रुपैयाँ प्राप्त गरेको छ।

स्वस्थ खेलाडी, समृद्ध समाज, खेलकुदको विकास, हाम्रो अभियान भन्ने नारासहित सञ्चालित प्रतियोगिताका विजेता तथा उप-विजेता टिमहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्दै कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले प्रतियोगिताले महिला खेलाडीहरुलाई नयाँ उर्जा र आकर्षण थपेको बताइन्। हरेक खेल र प्रतियोगिताहरु सामूहिकतामा आधारित रहेको उल्लेख गर्दै उपाध्यक्ष थापा मगरले सामूहिकतामा आपसी समन्वय, सहकार्य र एकताले मात्र टिमलाई बलियो बनाउने जनाइन् ।

यस्तै वडा नं. १ का वडा अध्यक्ष हरिनारायण थारुले खेलकुदलाई अनुशासनको आधारस्तम्भको रुपमा लिइने र हरेक खेलाडीहरुमा अनुशासन, धैर्यता, सहनसिलता र विश्वासको भावनाको बिकास हुने बताए । प्रतियोगिताले महिला खेलाडी उत्पादन र रुपन्देहीकै गौरवको रुपमा रहेको दानापुर तालको समेत पर्यटन प्रबर्द्धनमा सहयोग पुऱ्याउने विश्वास उनले व्यक्त गरे ।

यस्तै वडा नं. ३ का वडा अध्यक्ष टिकाराम सापकोटाले कञ्चनको खेलकुद विकासमा स्थानीय संघसंस्थाहरुबाट भएको प्रयास अनुकरणीय भएको उल्लेख गर्दै पालिकाको कम श्रोत र साधनहरुलाई अधित्तम उपयोग गरेर कञ्चनमा सञ्चालन गरिने हरेक खेलकुद प्रतियोगिताहरुले कञ्चनको गरिमा बढाएको समेत उल्लेख गरे ।

स्थानीय मन्दिर आमा समूहको व्यवस्थापनमा कञ्चन गाउँपालिकाका ५ वडाका महिला टिमहरु बिच भएको लिग प्रतियोगितामा विधागत रुपमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरलाई सम्मान गरिएको छ।

जसमा उत्कृष्ट खेलाडीको रुपमा वडा नं. १ का यमुना काला मगर छनौट भएका छन् भने कञ्चन २ का खगीसरा श्रीस उत्कृष्ट डिफेण्डरको रुपमा सम्मानित भएका छन् ।

यसैगरी उत्कृष्ट सर्भरको रुपमा वडा नं. ३ का गुराँस पुन, उत्कृष्ट स्पाइकरको रुपमा वडा नं. ४ का आरती क्षेत्री र उत्कृष्ट सेटरको रुपमा वडा नं. १ का जानकी खत्रीलाई सम्मान गरिएको कञ्चन स्पोर्टस् एकेडेमीका अध्यक्ष राजकुमार थापाले जानकारी दिए ।

कञ्चन स्पोर्टस् एकेडेमीका अध्यक्ष राजकुमार थापाको अध्यक्षता, तुलबहादुर थापाको सञ्चालन र रामबहादुर थापाको स्वागतमा सम्पन्न भएको उक्त प्रतियोगिता कञ्चन १ स्थित कुचेरा खेल मैदानमा सञ्चालन भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com